# निर्दिष्ट प्राविधिक प्रणालीको बिल्डिंग क्लिनिंग क्षेत्रको लागि ह्याण्डबुक (जनशक्ति पठाउने संस्थाको लागि)

रेइवा 5 साल 3 महिना

एट ग्लोबल कम्पनी
(स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालयबाट सुम्पिइएको प्रोजेक्ट)

# परिचय

सन् 2019 साल अप्रिल महिनादेखि बसोबास योग्यता "निर्दिष्ट प्राविधिक सीप"-को सञ्चालन सुरु भयो, जुन बसोबास योग्यताको लागि सन् 2019 देखि 2023 सम्मको 5 वर्षमा 3 लाख 45 हजार जनालाई स्वीकार गर्ने अपेक्षा गरिएको छ।
"निर्दिष्ट प्राविधिक सीप"-मा काम गर्न सक्ने क्षेत्र अहिले 12 वटा छन् अनि बिल्डिंग क्लिनिंग क्षेत्रमा 35,000 जनालाई स्वीकार गर्ने अपेक्षा गरिएको छ।

यस गाइडबुकको संरचना यसप्रकार छ:

1. बसोबास योग्यता "निर्दिष्ट प्राविधिक सीप (1)"-को व्याख्या
2. निर्दिष्ट प्राविधिक सीप प्रणालीद्वारा जनशक्ति पठाउने कार्यको विशेषता
3. बिल्डिंग क्लिनिंग क्षेत्रको "निर्दिष्ट प्राविधिक सीप (1)"
4. प्राविधिक प्रशिक्षण तथा निर्दिष्ट प्राविधिक सीप (1)-को माध्यमबाट जनशक्ति पठाइँदा जापानमा प्रदान गरिने समर्थन

जनशक्ति पठाउने संस्थाले विदेशी मानव संसाधन पठाउने क्रममा पढ्ने सन्दर्भ सामग्री प्रदान गर्ने उद्देश्यले यो गाइडबुक तयार पारिएको छ।

यो गाइडबुक स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालयले हामीलाई सुम्पिदिएको "बिल्डिंग क्लिनिंग क्षेत्रमा विदेशी मानव संसाधन स्वीकार गर्ने प्रणालीलाई अनुकूल पार्न गरिने सर्वेक्षण" भन्ने प्रोजेक्टमा बनाएको हो। यो गाइडबुकले निर्दिष्ट प्राविधिक सीप अन्तर्गत बिल्डिंग क्लिनिंग क्षेत्रमा जनशक्ति पठाउन कदम चाल्नको लागि मदत पुग्छ भने हामी खुसी छौं।

स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालयबाट सुम्पिइएको प्रोजेक्ट "बिल्डिंग क्लिनिंग क्षेत्रमा विदेशी मानव संसाधन स्वीकार गर्ने प्रणालीलाई अनुकूल पार्न गरिने सर्वेक्षण"
रेइवा 4 सालमा प्रोजेक्ट सुम्पिइएको कम्पनी एट ग्लोबाल

परिचय ........................................ 2

1 बसोबास योग्यता "निर्दिष्ट प्राविधिक सीप (1)"-को व्याख्या ........ 4

1. 1 निर्दिष्ट प्राविधिक सीप (1) भनेको के हो? ........ 4

1. 1. 1 "निर्दिष्ट प्राविधिक सीप (1)"-को विशेषता ........ 4

1. 1. 2 निर्दिष्ट प्राविधिक सीप (1)-को माध्यमबाट जापानमा बसोबास गर्ने विदेशी नागरिक तथा रोजगारदाता कार्यालयहरूको सङ्ख्या ........ 4

1. 2 निर्दिष्ट प्राविधिक सीप (1) प्राप्त गर्नको लागि दिनुपर्ने परीक्षाहरू 5

2 निर्दिष्ट प्राविधिक सीप प्रणालीद्वारा जनशक्ति पठाउने कार्यको विशेषता ........ 7

2. 1 जनशक्ति पठाउन सक्ने देशहरू ........ 7

2. 2 निर्दिष्ट प्राविधिक सीप (1)-को माध्यमबाट विदेशी मानव संसाधन पठाउने चरण ........ 9

2. 3 निर्दिष्ट प्राविधिक सीप प्रणाली र प्राविधिक प्रशिक्षण प्रणालीद्वारा मानव संसाधन पठाउँदा आवश्यक पर्ने चरणहरूको तुलना ........ 9

2. 4 मानव संसाधन पठाउँदा प्रत्येक संस्थालाई तिर्नुपर्ने पैसा ........ 9

3 बिल्डिंग क्लिनिंग क्षेत्रको "निर्दिष्ट प्राविधिक सीप (1)" ........ 10

3. 1 बिल्डिंग क्लिनिंग भनेको कस्तो काम हो? ........ 10

3. 1. 1 सफाइ गर्ने ठाउँहरू ........ 10

3. 1. 2 सफाइ गर्ने तरिका ........ 10

3. 1. 3 बिल्डिंग क्लिनिंग कम्पनीको तलब ........ 12

4 प्राविधिक प्रशिक्षण तथा निर्दिष्ट प्राविधिक सीप (1)-को माध्यमबाट जनशक्ति पठाइँदा जापानमा प्रदान गरिने समर्थन ........ 13

5 निष्कर्ष ........ 15

# 1 बसोबास योग्यता "निर्दिष्ट प्राविधिक सीप (1)"-को व्याख्या

## 1.1 निर्दिष्ट प्राविधिक सीप (1) भनेको के हो?


### 1.1.1 "निर्दिष्ट प्राविधिक सीप (1)"-को विशेषता

निर्दिष्ट प्राविधिक सीप (1) = अतिदक्ष र अदक्ष मानव संसाधनको बीचमा पर्नेहरू

सन् 2019 अप्रिलमा सञ्चालन सुरुवात भएको "निर्दिष्ट प्राविधिक सीप (1)" प्राप्त गरेकाहरू भनेको अति दक्ष र अदक्ष मानव संसाधन (प्राविधिक प्रशिक्षार्थी आदि) बीचमा पर्ने मध्यम स्तरको दक्ष मानव संसाधन हो। अनि त्यो यस्तो योग्यता पनि हो, जुन मानव संसाधन प्रयोग गरेर कम्पनीले स्वःउत्पादन गरी अरू कम्पनीहरूबाट पाउने सहयोग कार्यमा लाग्ने लागत घटाउन सक्नेछ र आवश्यकताको प्रकारअनुसार हेर्दा जुन मानव संसाधनका व्यक्तिहरूले करियर वृद्धि गरेर अति दक्ष मानव संसाधन (इन्जिनियरिंग, मानविकी, अन्तरराष्ट्रिय विशेषज्ञ) हुने अपेक्षा पनि गर्न सक्छन्।


### 1.1.2 निर्दिष्ट प्राविधिक सीप (1)-को माध्यमबाट जापानमा बसोबास गर्ने विदेशी नागरिक तथा रोजगारदाता कार्यालयहरूको सङ्ख्या

निर्दिष्ट प्राविधिक सीप (1)-को बसोबास योग्यता हासिल गरेर जापानमा बसोबास गर्ने व्यक्तिहरूको सङ्ख्या निकै बढ्दै छ।




स्रोत: जापान अध्यागमन सेवा एजेन्सी

प्राविधिक प्रशिक्षण (2) पूरा गरेको व्यक्तिहरू निर्दिष्ट प्राविधिक सीप (1)-मा परिवर्तन गर्दै छन्। कोरोनाको असर कम हुँदै गइरहेको अवस्थामा विदेशमा पनि निर्दिष्ट प्राविधिक सीप परीक्षा गरिँदै छ अनि निर्दिष्ट प्राविधिक सीपको विदेशी भएको धेरैभन्दा धेरै संस्थाहरू यसरी निर्दिष्ट प्राविधिक सीप प्रणालीको उपयोग गर्दै छन्




स्रोत: स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालय

## 1.2 निर्दिष्ट प्राविधिक सीप (1) प्राप्त गर्नको लागि दिनुपर्ने परीक्षाहरू

बिल्डिंग क्लिनिंग क्षेत्र निर्दिष्ट प्राविधिक सीप (1)-को मूल्याङ्कन परीक्षा र जापानी भाषाको परीक्षा दिएर उत्तीर्ण हुनु आवश्यक छ।

जापानी भाषाको परीक्षामा जापानी भाषा दीक्षणता परीक्षा N4 वा जापान फाउण्डेशनको आधारभूत जापानी भाषा परीक्षा मध्ये एकमा उत्तीर्ण हुनुपर्छ।

आफ्नो देशमा फर्केका कुनै प्राविधिक प्रशिक्षार्थीले एउटै कार्य क्षेत्रमा निर्दिष्ट प्राविधिक सीप (1)-मा परिवर्तन गर्ने हो भने प्राविधिक सीप परीक्षा र जापानी भाषा परीक्षा दुवैमा उत्तीर्ण भएको हुनुपर्दैन। तर निर्दिष्ट प्राविधिक सीप (1)-को माध्यमबाट फरक कार्य क्षेत्रमा काम गर्ने हो भने जापानी भाषा परीक्षामा उत्तीर्ण हुनुपर्दैन तर त्यही कार्य क्षेत्रको प्राविधिक परीक्षामा उत्तीर्ण भएको चाहिँ हुनुपर्छ।

| | जापानी भाषा दीक्षणता परीक्षा | निर्दिष्ट प्राविधिक सीप (1)-को मूल्याङ्कन परीक्षा |
|---|---|---|
| प्रकार | जापानी भाषा दीक्षणता परीक्षा<br>https://www.jlpt.jp/<br>जापान फाउण्डेशन आधारभूत जापानी भाषा परीक्षा<br>https://www.jpf.go.jp/jft-basic/ | बिल्डिंग क्लिनिंग क्षेत्र निर्दिष्ट प्राविधिक सीप (1)-को मूल्याङ्कन परीक्षा<br>https://www.j-bma.or.jp/examination |
| कार्यान्वयन गरिने देशहरू | जापान | जापान, इन्डोनेसिया, म्यानमार, फिलिपिन्स |
| लिइने समय | जापानी भाषा दीक्षणता परीक्षा<br>वर्षमा 4 पटक<br>जापान फाउण्डेशन आधारभूत जापानी भाषा परीक्षा<br>https://www.jpf.go.jp/jft-basic/ | वर्षमा 2~4 पटक (आर्थिक साल 2022) |
| परीक्षा नतिजा घोषणासम्मको अवधि | लगभग 2 महिना | लगभग 1 महिना |
| अन्य | परिणाम प्रमाणपत्र जारी गर्नु आवश्यक परेमा<br>जापानी भाषा दीक्षणता परीक्षा<br>https://www.jlpt.jp/certificate/index.html | भिसाको आवेदन दिन उत्तीर्ण प्रमाणपत्र आवश्यक छ।<br>मानव संसाधनको रूपमा काम गर्ने विदेशी नागरिकले पनि "उत्तीर्ण प्रमाणपत्र" जारी गर्नको लागि आवेदन दिन सक्छन् तर आवेदन दिने तरिका थाह छैन भने निर्दिष्ट प्राविधिक सीप (1)-को माध्यमबाट रोजगार दिने कम्पनीद्वारा आवेदन दिन सकिन्छ कि सकिँदैन, पक्का गर्नुहोस्।<br>निर्दिष्ट प्राविधिक सीप (1)-को माध्यमबाट रोजगार दिने कम्पनीले उत्तीर्ण प्रमाणपत्र जारी दस्तुर 14,300 येन (कर सहित) भुक्तानी गर्नेछ। |

अब उप्रान्तको परिक्षा लिइने योजनाको बारेमा जापान बिल्डिंग मेन्टिनेन्स संघको निम्न वेबसाइट हेरेर पक्का गर्न सकिन्छ।
https://www.j-bma.or.jp/qualification-training/zairyu

# 2 निर्दिष्ट प्राविधिक सीप प्रणालीद्वारा जनशक्ति पठाउने कार्यको विशेषता

## 2.1 जनशक्ति पठाउन सक्ने देशहरू

जापानसँग द्विपक्षीय सहयोगको ज्ञापनपत्रमा हस्ताक्षर गरेका देशहरूबाट जनशक्ति पठाउन सकिन्छ।
निर्दिष्ट प्राविधिक सीपको माध्यमबाट जनशक्ति पठाउने सम्बन्धमा पठाउने देशहरू र जापानबीच क्रमशः द्विपक्षीय सम्झौताहरू हुँदै गएका छन्।
केही देशहरूमा पठाउने संस्थाको मध्यस्थता हुनु अनिवार्य छ। पठाउने संस्थाको मध्यस्थता आवश्यक नभएका देशहरूमा पनि पठाउने संस्थालाई मानव संसाधनको भर्ती र तालिम अनि आफ्नो देशमा गर्नुपर्ने प्रक्रियाहरूमा संलग्न हुन सम्भव छ।

**(सन्दर्भ) जापानसँग द्विपक्षीय सम्झौतामा हस्ताक्षर गरेका देशहरू तथा जनशक्ति पठाएको स्थिति**

| | द्विपक्षीय सम्झौता गरेको स्थिति | जनशक्ति पठाउने संस्थामार्फत पठाउने | जनशक्ति पठाउने संस्थाको जानकारी प्रकाशित गरिएको अवस्था | कैफियत |
|---|---|---|---|---|
| फिलिपिन्स | सम्झौता भइसकेको छ (सन् 2019 मार्च 19 तारिख) | ○ | प्रकाशित गरिएको छ | · फिलिपिन्स सरकारद्वारा स्वीकृति प्राप्त जनशक्ति पठाउने संस्थासँग रिक्रुएटको प्रबन्ध मिलाउनु, POLO टोकियो (फिलिपिन्स वैदेशिक श्रम कार्यालय)-मा आवेदन गर्नु, र निर्दिष्ट प्राविधिक सीपको विदेशी भएको संस्थाले POEA (फिलिपिन्स वैदेशिक रोजगार एजेन्सी)लाई दर्ता गर्नु आवश्यक छ। |
| कम्बोडिया | सम्झौता भइसकेको छ (सन् 2019 मार्च 25 तारिख) | ○ | प्रकाशित गरिएको छ | · कम्बोडिया सरकारद्वारा मान्यताप्राप्त जनशक्ति पठाउने संस्थामार्फत मात्र निर्दिष्ट प्राविधिक सीपको विदेशी पठाउनु आवश्यक छ। |
| नेपाल | सम्झौता भइसकेको छ (सन् 2019 मार्च 25 तारिख) | ○ (ऐच्छिक) | - | · रोजगारदाता र रोजगारी खोज्ने व्यक्ति बीचको संयोजन नेपालको सरकारी निकाय र राजदूतावासमार्फत गरिन्छ। |
| म्यानमार | सम्झौता भइसकेको छ (सन् 2019 मार्च 28 तारिख) | ○ | प्रकाशित गरिएको छ | · म्यानमार सरकारद्वारा मान्यताप्राप्त स्थानिय जनशक्ति पठाउने संस्थामार्फत जनशक्तिको परिचय र रोजगार सम्झौता गर्न माग गरिन्छ। |
| मङ्गोलिया | सम्झौता भइसकेको छ (सन् 2019 अप्रिल 17 तारिख) | ○ (सरकारी निकाय) | प्रकाशित गरिएको छ | · सरकारी निकाय, श्रम र सामाजिक सुरक्षा सेवा सामान्य कार्यालय (GOLWS) एक मात्र जनशक्ति पठाउने माध्यम हो अनि मङ्गोलियाको कानुनको आधारमा जनशक्ति स्वीकार्ने संस्था र GOLWS बीचमा निर्दिष्ट प्राविधिक सीपको विदेशी स्वीकार्ने र पठाउनेबारे सम्झौता गर्नु आवश्यक छ। |
| श्रीलङ्का | सम्झौता भइसकेको छ (सन् 2019 जून 19 तारिख) | ○ (ऐच्छिक) | प्रकाशित गरिएको छैन | · जनशक्ति पठाउने संस्थाको प्रयोग ऐच्छिक कुरा भएकोले अनिवार्य रूपमा श्रीलङ्का सरकारद्वारा मान्यताप्राप्त जनशक्ति पठाउने संस्था नै प्रयोग गर्नुपर्छ भन्ने छैन। |

| | | | | |
|---|---|---|---|---|
| **इन्डोनेसिया** | सम्झौता भइसकेको छ (सन् 2019 जून 25 तारिख) | - | - | • इन्डोनेसिया सरकारले व्यवस्थापन गर्ने आइपीकेओएल (IPKOL) जुन रोजगारदाता र रोजगार खोज्ने व्यक्तिको लागि हो, सो जापानको जनशक्ति स्वीकार्ने संस्थाले दर्ता गरी रिक्रुएट गर्ने तीव्र आशा गरिएको छ। |
| **भियतनाम** | सम्झौता भइसकेको छ (सन् 2019 जुलाई 1 तारिख) | ○ | प्रकाशित गरिएको छ | • समुद्रपार श्रम ब्यूरो (DOLAB) द्वारा स्वीकृति प्राप्त जनशक्ति पठाउने संस्थाहरूसँग कामको प्रकार, चाहिएको जनसङ्ख्या अनि श्रम सर्त आदि निश्चित गरेको "श्रम प्रदान सम्झौता" गर्न माग गरिन्छ। |
| **बङ्गलादेश** | सम्झौता भइसकेको छ (सन् 2019 अगस्त 27 तारिख) | ○ (ऐच्छिक) | प्रकाशित गरिएको छ | • जनशक्ति पठाउने संस्थाको प्रयोग ऐच्छिक कुरा हो तर प्रयोग गर्ने हो भने अनिवार्य रूपमा बङ्गलादेश सरकारद्वारा मान्यताप्राप्त जनशक्ति पठाउने संस्था प्रयोग गर्नु आवश्यक छ। |
| **उज्बेकिस्थान** | सम्झौता भइसकेको छ (सन् 2019 डिसेम्बर 17 तारिख) | ○ (ऐच्छिक) | - | • जनशक्ति पठाउने संस्थाको प्रयोग ऐच्छिक कुरा भएकोले अनिवार्य रूपमा उज्बेकिस्थान सरकारद्वारा मान्यताप्राप्त जनशक्ति पठाउने संस्था नै प्रयोग गर्नुपर्छ भन्ने छैन। |
| **पाकिस्तान** | सम्झौता भइसकेको छ (सन् 2019 डिसेम्बर 23 तारिख) | ○ (ऐच्छिक) | - | • जनशक्ति पठाउने संस्थाको प्रयोग ऐच्छिक कुरा भएकोले अनिवार्य रूपमा पाकिस्तान सरकारद्वारा मान्यताप्राप्त जनशक्ति पठाउने संस्था नै प्रयोग गर्नुपर्छ भन्ने छैन। |
| **थाइल्याण्ड** | सम्झौता भइसकेको छ (सन् 2020 फेब्रुअरी 4 तारिख) | ○ (ऐच्छिक) | प्रकाशित गरिएको छ | • जनशक्ति पठाउने संस्थाको प्रयोग ऐच्छिक कुरा हो तर प्रयोग गर्ने हो भने अनिवार्य रूपमा थाइल्याण्ड सरकारद्वारा मान्यताप्राप्त जनशक्ति पठाउने संस्था प्रयोग गर्नु आवश्यक छ। |
| **भारत** | सम्झौता भइसकेको छ (सन् 2021 जनवरी 18 तारिख) | ○ (ऐच्छिक) | - | • जनशक्ति पठाउने संस्थाको प्रयोग ऐच्छिक कुरा भएकोले अनिवार्य रूपमा भारत सरकारद्वारा मान्यताप्राप्त जनशक्ति पठाउने संस्था नै प्रयोग गर्नुपर्छ भन्ने छैन। |
| **मालेशिया** | सम्झौता भइसकेको छ (सन् 2022 मे 26 तारिख) | जानकारी प्रकाशित गरिएको छैन | जानकारी प्रकाशित गरिएको छैन | |
| **लाओस** | सम्झौता भइसकेको छ (सन् 2022 जुलाइ 28 तारिख) | जानकारी प्रकाशित गरिएको छैन | जानकारी प्रकाशित गरिएको छैन | |


(नोट) ○: जनशक्ति पठाउने संस्था प्रयोग गर्नुपर्छ (केही देशहरूमा प्रयोग ऐच्छिक भएको पनि समावेश छ)
-: जनशक्ति पठाउने संस्थाको बारेमा केही पनि उल्लेख छैन

स्रोत: जापान अध्यागमन सेवा एजेन्सी

## 2.2 निर्दिष्ट प्राविधिक सीप (1)-को माध्यमबाट विदेशी मानव संसाधन पठाउने चरण

प्राविधिक प्रशिक्षण प्रणालीद्वारा जनशक्ति पठाउने क्रममा विदेशी मानव संसाधनको भर्ती गर्ने तथा शिक्षा दिने गरिन्छ तर निर्दिष्ट प्राविधिक सीप प्रणालीद्वारा जनशक्ति पठाउने क्रममा भने त्यस्तो सुविधा दिएको संस्था कमै मात्र छन्। त्यसैले निर्दिष्ट प्राविधिक सीपको विदेशी भएको संस्था र दर्ता सहयोग संस्थाबाट निर्दिष्ट प्राविधिक सीपको रोजगारी प्रस्ताव प्राप्त गरेपछि आफ्नो देशमा फर्केका प्राविधिक प्रशिक्षार्थीहरू वा निर्दिष्ट प्राविधिक सीप प्रणाली उपयोग गर्न चाहने व्यक्तिहरू, जो जापानबाहिर आवश्यक परीक्षामा उत्तीर्ण भएका छन्, ती व्यक्तिहरूलाई निर्दिष्ट प्राविधिक सीपको विदेशी भएको संस्थासँग परिचय गराइदिने तरिका अपनाएर जनशक्ति पठाउने कार्य सञ्चालन गरिँदै छ।

## 2.3 निर्दिष्ट प्राविधिक सीप प्रणाली र प्राविधिक प्रशिक्षण प्रणालीद्वारा मानव संसाधन पठाउँदा आवश्यक पर्ने चरणहरूको तुलना




स्रोत: "आर्थिक रेइवा 3 साल बिल्डिंग क्लिनिंग क्षेत्रमा विदेशी मानव संसाधन स्वीकार गर्ने प्रणालीलाई अनुकूल पार्न गरिने सर्वेक्षण"मा गरिएको सुनुवाइ सर्वेक्षणको नतिजा

## 2.4 मानव संसाधन पठाउँदा प्रत्येक संस्थालाई तिर्नुपर्ने पैसा

युनिट:येन

| | | इन्डोनेसिया | | भियतनाम | | कम्बोडिया | |
|---|---|---|---|---|---|---|---|
| | | प्राविधिक प्रशिक्षण प्रणाली | निर्दिष्ट प्राविधिक सीप प्रणाली | प्राविधिक प्रशिक्षण प्रणाली | निर्दिष्ट प्राविधिक सीप प्रणाली | प्राविधिक प्रशिक्षण प्रणाली | निर्दिष्ट प्राविधिक सीप प्रणाली |
| विदेशी मानव संसाधनको व्यक्तिले तिर्ने | दस्तुर | 180, 000 – 30, 000 | – 50, 000 | 360, 000 – 500, 000 | – 50, 000 | 350, 000 – 440, 000 | – 150, 000 |
| पर्यवेक्षण समूहले तिर्ने | पूर्व-शैक्षिक शुल्क / प्रति व्यक्ति | 10, 000 – 50, 000 | | 15, 000 – 30, 000 | | 15, 000 – 30, 000 | |
| | पर्यवेक्षण शुल्क / प्रति व्यक्ति | 2, 500 – 10, 000 | | 5, 000 – 10, 000 | | 5, 000 – 10, 000 | |
| दर्ता सहयोग संस्था / स्वीकार गर्ने संस्थाले तिर्ने | दस्तुर | | – 200, 000 | | 1 – 3 महिनाको तलब जतिको रकम | | 2, 000 – 3, 000 / महिना* |

・निर्दिष्ट प्राविधिक सीप प्रणालीको माध्यमबाट पठाएपछि पनि जनशक्ति पठाउने संस्थाले रोजगारदाता कम्पनी भ्रमण सपोर्ट आदि गरेको अवस्थामा

स्रोत: "आर्थिक रेइवा 3 साल बिल्डिंग क्लिनिंग क्षेत्रमा विदेशी मानव संसाधन स्वीकार गर्ने प्रणालीलाई अनुकूल पार्न गरिने सर्वेक्षण"मा गरिएको सुनुवाइ सर्वेक्षणको नतिजा

1 बसोबास योग्यता "निर्दिष्ट प्राविधिक सीप (1)"-को व्याख्या
2 निर्दिष्ट प्राविधिक सीप प्रणालीद्वारा जनशक्ति पठाउने कार्यको विशेषता
3 बिल्डिंग क्लिनिंग क्षेत्रको "निर्दिष्ट प्राविधिक सीप (1)"
4 प्राविधिक प्रशिक्षण तथा निर्दिष्ट प्राविधिक सीप (1)-को माध्यमबाट जनशक्ति पठाईंदा जापानमा प्रदान गरिने समर्थन
5 निष्कर्ष

# 3 बिल्डिंग क्लिनिंग क्षेत्रको "निर्दिष्ट प्राविधिक सीप (1)"

## 3.1 बिल्डिंग क्लिनिंग भनेको कस्तो काम हो?

### 3.1.1 सफाइ गर्ने ठाउँहरू

सपिङ मल, अस्पताल, होटल आदि विभिन्न ठाउँहरूको सफाइ गर्छौं।




### 3.1.2 सफाइ गर्ने तरिका

पुछनु, बढार्नु, शौचालय र बेसिन सफाइ गर्नु नै आधारभूत कामहरू हुन्।
झ्याल पुछने काम गर्दा झ्याल पुछेपछि कुनै फोहोर बाँकी रहेर बाहिरबाट हेर्दा फोहोर नदेखियोस् भनेर पर्याप्त सावधानी अपनाउनुपर्छ।
बढार्ने काम गर्दाखेरि वरिपरि फोहोर नछर्नेगरि सफाइ गर्ने जस्ता सावधानी अपनाउनुपर्छ।
शौचालय र बेसिनको सफाइ गर्दा सुरक्षात्मक पन्जा लगाउने जस्ता आफ्नो सरसफाइमा पनि ध्यान दिनुपर्छ। साथै सफाइ गर्न प्रयोग हुने उपकरणमा कीटाणु आदि वृद्धि हुन रोक्न सफाइ गर्ने ठाउँअनुसार फरक-फरक उपकरण प्रयोग गर्नु महत्त्वपूर्ण छ। (उदाहरण: शौचालयको सिट सफा गर्न प्रयोग गरेको कपडा अन्यत्र प्रयोग नगर्ने आदि)
खास प्रयोगको प्रयोजन भएका प्रत्येक सफाइ गर्न प्रयोग हुने उपकरणको नाम सम्झी सफाइ गर्ने तरिका सिक्दा यसले प्राविधिक सीप परीक्षा उत्तीर्ण गर्न मदत गर्छ।

शौचालय र बेसिन



झ्याल पुछ्ने



भुइँ



### 3.1.3 बिल्डिंग क्लिनिंग कम्पनीको तलब

जापानी बिल्डिंग क्लिनिंग कम्पनीमा काम गर्ने खण्डमा मासिक तलब लगभग 170,000 देखि 190,000 येन हुनेछ।

**(सन्दर्भ) बिल्डिंग क्लिनिंग कम्पनीको रोजगार प्रस्तावको उदाहरण**

| | कम्पनी A (स्थायी कर्मचारी) | कम्पनी B (स्थायी कर्मचारी) |
|---|---|---|
| स्थान | ओसाका / आइची | कान्तो क्षेत्र |
| तलब | 1 लाख 70 हजार येन -<br>(भत्ताहरू रहित) | 2 लाख येन -<br>(ओभरटाइम भत्ता सहित) |
| रोजगारदाता कम्पनीको आकार | 1000 जनाभन्दा बढी कर्मचारीहरू | 500 जनाभन्दा बढी कर्मचारीहरू |
| कल्याण | यातायात खर्च भुक्तान गरिने<br>सामाजिक बीमा र रोजगार बीमामा आबद्ध हुने | तलबी बिदा दिने, यातायात खर्च भुक्तान गरिने, काम गर्दा लगाउने पोसाक सापटी दिने, सामाजिक बीमामा आबद्ध हुने, जन्मदिन समारोह गरिने |

स्रोत: "आर्थिक रेइवा 3 साल बिल्डिंग क्लिनिंग क्षेत्रमा विदेशी मानव संसाधन स्वीकार गर्ने प्रणालीलाई अनुकूल पार्न गरिने सर्वेक्षण"

निर्दिष्ट प्राविधिक सीपको विदेशी भएको संस्था शहरी क्षेत्रमा अवस्थित छ भने अङ्कित तलब रकम बढी हुने प्रवृत्ति छ। यद्यपि गैर-शहरी क्षेत्रमा दैनिक जीवनयापन खर्च र घरभाडा खर्चिलो नहुने फाइदा पनि छ।

# 4 प्राविधिक प्रशिक्षण तथा निर्दिष्ट प्राविधिक सीप (1)-को माध्यमबाट जनशक्ति पठाइँदा जापानमा प्रदान गरिने समर्थन

प्राविधिक प्रशिक्षणको लागि आउने व्यक्तिहरूको निम्ति जापानमै गर्नुपर्ने प्रक्रियाहरू आदिको समर्थन साधारणतया पर्यवेक्षण संस्थाद्वारा दिइन्छ (*)। अर्कोतर्फ निर्दिष्ट प्राविधिक सीप (1)-को लागि आउनेहरूको निम्ति जापानमै गर्नुपर्ने प्रक्रियाको समर्थन निर्दिष्ट प्राविधिक सीपको विदेशी भएको संस्था स्वयम्ले अथवा त्यो संस्थाले जिम्मा दिएको "दर्ता सहयोग संस्था"-द्वारा दिइनेछ।

* प्राविधिक प्रशिक्षार्थीहरूलाई सामूहिक पर्यवेक्षणको प्रकारमा पठाएको खण्डमा

निर्दिष्ट प्राविधिक सीप (1)-को माध्यमबाट पठाएको खण्डमा मानव संसाधन पठाइसकेपछि मुख्यतया निर्दिष्ट प्राविधिक सीपको विदेशी भएको संस्था वा दर्ता सहयोग संस्थाले समर्थन दिन्छ अनि यसमा जनशक्ति पठाउने संस्थाहरूको संलग्नता बिरलै मात्र छ।

### (सन्दर्भ) पर्यवेक्षण संस्था र दर्ता सहयोग संस्थाले दिने समर्थनका विवरणहरूको तुलना

| | भर्ती स्वीकृतिको | | जापान प्रवेश अगाडि | जापान प्रवेश पछि | |
|---|---|---|---|---|---|
| पर्यवेक्षण संगठनले तिर्ने समर्थन र व्यवस्थापन कार्य | मानव संसाधनको जानकारी दिने, भर्तीको लागि साक्षात्कार गर्ने जनशक्ति पठाउने संस्थासँग सहकार्य | प्रशिक्षण योजना निर्माण विदेशी प्राविधिक प्रशिक्षण संस्था आवेदन पत्र पेस गर्ने | जापान प्रवेश अगाडिको तयारी र समर्थन | जापान प्रवेश पछिको तयारी र समर्थन | प्राविधिक प्रशिक्षण पर्यवेक्षण (अनुमति मापदण्ड दोस्रो पर्यवेक्षण संस्थाको कार्य सम्पादनसम्बन्धी सामग्रीबाट उद्धृत) |
| | | | • बसोबास योग्यता तथा भिसाको आवेदन, नवीकरण<br>• जापान जाने यात्राको लागि सहयोग<br>• जापान प्रवेश अगाडिको प्रशिक्षण | • दैनिक जीवनयापनको लागि समर्थन<br>• जापानी भाषा अध्ययनको लागि सहायता<br>• विदेशी मानव संसाधनलाई समर्थन दिन सहज बनाउनको लागि अनुवादक र दोभाषेहरू पठाउने | • प्राविधिक प्रशिक्षकप्रतिको नियमित निरीक्षण<br>• *3 महिनामा 1 पटक वा सोभन्दा बढी, निम्न तरिकामा कार्यन्वयन गरिनेछ<br>• भ्रमण गरेर दिइने निर्देशनसम्बन्धी (हरेक महिना कम्तीमा 1 पटक वा सोभन्दा बढी)<br>• प्राविधिक प्रशिक्षण योजनाको सिर्जनाको बारेमा निर्देशन दिने<br>• प्रशिक्षार्थी आफ्नो देश फर्किने बेलाको यातायातको शुल्क बेहोर्ने<br>• निश्चित उद्योग / कार्य सम्बन्धी |

* जापान प्रवेश अगाडि र पछाडि गरिदिने समर्थन कार्य संस्थापिच्छे फरक हुन्छ। यहाँ उल्लेख गरेको जानकारी केही कम्पनीहरूको जानकारीबाट उद्धृत गरिएको छ।

| | | | अनिवार्य समर्थन | | | | | | | | समर्थनको कार्यान्वयन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दर्ता सहयोग संस्था समर्थन कार्य | मानव संसाधनको जानकारी दिने, भर्तीको लागि साक्षात्कार गर्ने | रोजगारी सम्झौतामा हस्ताक्षर गर्ने | अग्रिम मार्गदर्शन | पिक-अप र ड्रप अफ | जीवनयापन अभिमुखिकरणको कार्यान्वयन | जापानी भाषा अध्ययनको लागि व्यवस्था मिलाउने | परामर्श तथा गुनासोको लागि आवश्यक मदत दिने | जापानी नागरिकसितको आदनप्रदानलाई बढवा दिने | जागिर परिवर्तनको सहयोग | अन्तरवार्ताको कार्यान्वयन | * अनिवार्य समर्थनको बारेमा योजनापत्रमा अनिवार्य रूपमा उल्लेख गर्ने<br>समर्थन योजनापत्रको निर्माण |
| | | | • कार्य सर्त र प्राविधिक स्तरको व्याख्या<br>• अध्यागमन प्रक्रिया<br>• कुनै ग्यारेन्टी रकमको सङ्कलन र जरिवाना आदिबारे निर्धारित गरेको करार छ कि छैन पक्का गर्ने<br>• आदि | • आगमनमा प्रवेश गर्दा पिक-अप गर्ने<br>• जापानबाट प्रस्थान गर्दा ड्रप-अफ गर्ने<br>**आवास सुरक्षित गर्ने**<br>• भाडामा लिने आवासबारे जानकारी प्रदान गर्ने | • वित्तीय संस्था प्रयोग गर्ने तरिका<br>• स्वास्थ्य संस्था प्रयोग गर्ने तरिका आदि<br>• ट्राफिक नियम आदि | • कार्यस्थलको क्षेत्रमा भएको जापानी भाषा शैक्षिक संस्थाको भर्ना सम्बन्धी जानकारी दिने<br>• जापानी भाषाको अनलाइन पाठ्यक्रमसम्बन्धी जानकारी दिने<br>· निर्दिष्ट प्राविधिक सीप आबद्ध संस्थाले जापानी भाषा प्रशिक्षकसँग करार गर्ने | • दैनिक जीवन वा सामाजिक जीवनसम्बन्धी परामर्श वा गुनासोको लागि आवश्यक मदत दिने | • क्षेत्रीय सार्वजनिक निकाय र स्वयंसेवा संस्था आदिले सञ्चालन गर्ने स्थानीय बासिन्दाहरूसँग घुलमिल हुने कार्यक्रमबारे जानकारी दिने | • स्वीकार गर्ने अर्को कम्पनीबारे जानकारी प्राप्त गर्ने<br>• रोजगार स्थिरता निकाय अथवा रोजगार सिफारिस व्यवसाय सञ्चालक आदिको जानकारी दिने<br>• सिफारिस पत्र बनाउने<br>• रोजगारीदाताको जानकारी दिने / भर्ती गर्ने | • कामदारलाई रोजगारदातासित नियमित रूपमा (3 महिनामा 1 पटक वा सोभन्दा बढी) अन्तरवार्ता गर्दा सहायता दिने (मत्स्य उद्योग क्षेत्र (मत्स्य उद्योग) बाहेक) | |

स्रोत: न्याय मन्त्रालयको सामग्रीमा आधारित भई निर्मित

**(सन्दर्भ) दर्ता सहयोग संस्थाद्वारा गरिने अनिवार्य समर्थनको विस्तृत विवरणहरू**

| | अनिवार्य समर्थनका विषयहरू | विस्तृत विवरण |
|---|---|---|
| 1 | अग्रिम मार्गदर्शन | • रोजगार सम्झौता गरेपछि श्रम सर्त, कामको विवरण, अध्यागमन प्रक्रिया, कुनै ग्यारेन्टी रकमको सङ्कलन छ कि छैन भन्नेबारे भेटेर वा भिडियो कलद्वारा पक्का गर्ने। |
| 2 | जापानमा प्रवेश गर्दा विमानस्थलमा लिन आउने र आफ्नो देशमा फर्कंदा विमानस्थलसम्म पुऱ्याइदिने | • जापानमा प्रवेश गर्दा विमानस्थलमा पिक-अप गरी कार्यालय वा आवाससम्म पुर्याइदिने।<br>• आफ्नो देशमा फर्कंदा विमानस्थलको सुरक्षा जाँचसम्म पुर्याइदिने। |
| 3 | आवास खोज्ने र जीवन यापन गर्न आवश्यक सम्झौता गर्ने क्रममा सहयोग गर्ने | • कोठाभाडा सम्झौताको ग्यारेन्टर बन्ने<br>• कम्पनीको घर प्रदान गर्ने आदि<br>• बैंक खाता खोल्नको लागि, मोबाइल फोन र लाइफलाइनको सम्झौतासम्मको प्रक्रियाको लागि समर्थन दिने |
| 4 | जीवनयापन अभिमुखीकरण | • जापानमा सजिलै सामाजिक जीवन सुरु गर्न सकून् भनेर जापानको नियम र तरिका, सार्वजनिक संस्थाको सम्पर्क र प्रयोग गर्ने तरिका, प्रकोपको बेला के गर्ने भन्नेबारे व्याख्या गर्ने |
| 5 | सार्वजनिक प्रक्रिया गर्ने बेला सँगै गएर साथ दिने | • आवश्यकताअनुसार बसोबास, सामाजिक बीमा, कर आदि प्रक्रियामा सँगै गएर फाराम भर्न मदत गर्ने |
| 6 | जापानी भाषा अध्ययनको लागि व्यवस्था मिलाउने | • जापानी भाषा शैक्षिक संस्थासँग परिचय गराइदिने, जापानी भाषा पाठयपुस्तकको जानकारी प्रदान गर्ने आदि |
| 7 | परामर्श तथा गुनासोको लागि आवश्यक मदत दिने | • कार्यालयमा वा दैनिक जीवनमा हुनसक्ने परामर्श वा गुनासोको लागि उक्त विदेशीले राम्रोसँग बुझ्न सक्ने भाषामा आवश्यक मदत, सल्लाह र निर्देशन दिने |
| 8 | जापानी नागरिकसितको आदानप्रदानलाई बढवा दिने | • स्थानीय बासिन्दाहरूसँग घुलमिल हुने मौका र स्थानीय चाड आदि इभेन्टको जानकारी प्रदान गर्ने अनि भाग लिन मदत गर्ने |
| 9 | रोजगार परिवर्तनको लागि सहयोग गर्ने(जागिर गुमाएको खण्डमा) | • जनशक्ति स्वीकारेको पक्षको कारणले रोजगार सम्झौता रद्द गर्नुपर्दा रोजगार परिवर्तनको लागि सहयोग गर्ने, सिफारिस पत्र बनाइदिने, काम खोज्नको लागि भुक्तानी छुट्टी दिने, आवश्यक प्रशासनिक प्रक्रियाबारे जानकारी दिने |
| 10 | नियमित अन्तरवार्ता तथा सरकारी प्रशासनलाई रिपोर्ट गर्ने | • समर्थन गर्ने जिम्मेवारी पाएको व्यक्तिले विदेशी र त्यसको पर्यवेक्षण गर्नेसँग नियमित अन्तरवार्ता(3 महिनामा 1 चोटि वा सोभन्दाबढी) गरी श्रम मानक एन उल्लङ्घन गरेको भेटेमा प्रशासनलाई रिपोर्ट गर्ने |

स्रोत: समर्थन योजनाको सारांश②(जापान अध्यागमन सेवा एजेन्सी)

# 5 निष्कर्ष

जापानको "बिल्डिंग क्लिनिंग उद्योग" भनेको यस्तो कार्य हो, जसले भवन भित्रको वातावरणलाई स्वच्छ र सफा राखी स्वास्थ्यको पक्षबाट मानिसहरूको दैनिक जीवनलाई समर्थन गर्छ। स्वच्छ र सफा वातावरण सिर्जना गरी ग्राहकलाई स्वागत गर्ने यस्तो "आतिथ्य" अब संसारमै गर्व गर्न सकिने 'संस्कृति' र 'व्यवसाय' बनेको छ। तर वास्तवमा त्यो नयाँ व्यवसाय नै हो जसको सुरुवात सन् 1950 उप्रान्त मात्र भएको हो र जसको इतिहास केवल आधा शताब्दी पुरानो छ।

विदेशी मानव संसाधनले प्राविधिक प्रशिक्षण प्रणाली तथा निर्दिष्ट प्राविधिक सीप (1) प्रणाली उपयोग गरेर यो नयाँ व्यवसाय, जापानको "बिल्डिंग क्लिनिंग"-कै सीप सिकेर दक्षता हासिल गर्दा उनलाई व्यवसाय सञ्चालनको प्रयोगात्मक ज्ञान लिएर "जापानमा करियर वृद्धिप्रति लक्षित हुन" र "आफ्नो देशमा वातावरणीय व्यवसाय स्थापित गर्न" आदि सम्भव हुनेछ।

प्राविधिक प्रशिक्षण लिएर आफ्नो देश फर्केका प्रशिक्षार्थीहरूको सङ्ख्या अहिले अझै थोरै छ अनि जापान बाहिरका मानिसहरू यो बिल्डिंग क्लिनिंग क्षेत्रको कामबारे त्यत्ति परिचित पनि छैनन्। त्यसैले यस क्षेत्रको कामबारे जनशक्ति पठाउने संस्थालाई राम्रोसँग बुझाउनुका साथै यस क्षेत्रमा पनि विदेशी मानव संसाधन पठाउन मदत दिने सन्दर्भको रूपमा यस गाइडबुकको उपयोग गरियोस् भनी हामी कामना गर्छौं।